लोकतान्त्रिक खानी मजदुर संगठनको
विधान- २०७६

प्रस्तावनाः

नेपालभर संचालन हुने ढुंगा, रोडा, बालुवा, रोजगार सम्बन्धी भई काम गर्दै आएका श्रमिकहरुको हकहितको संरक्षण र सम्बर्द्धन गर्न, भाषिक, जातीय तथा लैङ्गिक भेदभाव रहित केन्द्रीयस्तरको स्वतन्त्र पेशागत संस्था स्थापना गर्नुपर्ने अपरिहार्यतालाई महशुस गरि मुलुकभरिका यातायात रोजगारसँग सम्बन्धि भई काम गर्ने श्रमिकहरुलाई संगठित गरी उनीहरुको हकहित संरक्षण तथा पेशागत मर्यादा कायम गर्न **लोकतान्त्रिक खानी मजदुर संगठनका**को स्थापनाको निम्ति यो विधान जारी गरिएको छ ।

परिच्छेद-१

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस विधानको नाम "**लोकतान्त्रिक खानी मजदुर संगठन"** को विधान २०७६ रहनेछ ।

(ख) यो विधान "**लोकतान्त्रिक खानी मजदुर संगठन"** को बिधान संगठन दर्ता भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा

क) "श्रमिक" भन्नाले नेपाल अधिराज्यभित्रका खानी रोजगारसँग सम्बन्धि भईहरुमा शारीरिक र मानसिक रुपले काम गरी पारिश्रमिक अथवा ज्यालादारी गर्ने कामदार कर्मचारीलाई सम्झनु पर्दछ ।

(ख) "**लोकतान्त्रिक खानी मजदुर संगठन"** भन्नाले दफा ३ (क) बमोजिम स्थापना भएको संगठनलाई सम्झनु पर्दछ ।

(ग) "संगठन" भन्नाले "**लोकतान्त्रिक खानी मजदुर संगठन"** लाई सम्झनु पर्दछ ।

(घ) "पदाधिकारी" भन्नाले कार्य समितिका सदस्य समेतलाई सम्झनु पर्दछ ।

(ङ) "कार्यसमिति" भन्नाले **लोकतान्त्रिक खानी मजदुर संगठनको** जिल्ला, प्रदेश र केन्द्रीय समितिलाई सम्झनु पर्दछ ।

(च) "अधिवेशन" भन्नाले **लोकतान्त्रिक खानी मजदुर संगठनको** जिल्ला, प्रदेश र केन्द्रीय अधिवेशलाई सम्झनु पर्दछ ।

(छ) "परिषद्" भन्नाले **लोकतान्त्रिक खानी मजदुर संगठनको** जिल्ला प्रदेशर केन्द्रीय परिषद्लाई सम्झनु पर्दछ ।

(ज) "विधान अधिवेशन" भन्नाले यस विधानलाई पारित गर्ने प्रयोजनका लागि **लोकतान्त्रिक खानी मजदुर संगठनको** केन्द्रीय तदर्थ समितिद्वारा बोलाइएको अधिवेशनलाई सम्झनु पर्दछ ।

नेपाल सरकार
श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
कारखाना निरीक्षक

(झ) "तोकिए" वा "तोकिए बमोजिम" भन्नाले यस विधानमा उल्लेखित विभिन्न दफा उपदफामा उल्लेख भएको वा यस विधानमा रही बनेका नियम विनियमहरुमा उल्लेख भएका कुराहरुलाई समेत जनाउँदछ ।

(ञ) "संगठन" भन्नाले **लोकतान्त्रिक खानी मजदुर संगठनलाई** सम्झनु पर्दछ ।

परिच्छेद-२

३. लोकतान्त्रिक खानी मजदुर संगठनकाको स्थापना र कार्यालयः

(क) **लोकतान्त्रिक खानी मजदुर संगठनको** नामको एक संगठन स्थापना हुने छ ।

(ख) **लोकतान्त्रिक खानी मजदुर संगठनका** अंग्रेजीमा Democratic Mines Workers Union भनिनेछ ।

(ग) **लोकतान्त्रिक खानी मजदुर संगठनका**लाई छोटकरीमा लो.खा.म.सं भनिनेछ र अंग्रेजीमा DNWU हुनेछ ।

(घ) लो.खा.म.सं केन्द्रीय समितिको कार्यालय काठमाडौं उपत्यकामा, जिल्ला र प्रदेश समितिको कार्यालय सुविधा अनुसार रहनेछ ।

४. लोकतान्त्रिक खानी मजदुर संगठनका स्वशासित र संगठित संस्था हुनेः

(क) लो.खा.म.सं अविछिन्न उत्तराधिकारीवाला एक स्वशाषित र संगठित संस्था हुनेछ ।

(ख) लो.खा.म.सं ले व्यक्ति सरह चल अचल सम्पत्ति प्रयोग गर्न, भोग गर्न, धितो बन्धन राख्न, खरिद बिक्री गर्न र अन्य कुनै किसिमको उपभोग गर्न सक्नेछ ।

(ग) लो.खा.म.सं ले आफ्नो नामबाट कसैउपर नालिस उजुर गर्न र कसैले यस उपर सोही नामबाट नालिस उजुर गर्न सक्नेछ ।

(घ) लो.खा.म.सं को काम कारवाहीको लागि अनुसूची १ मा व्यवस्था भए बमोजिमको एउटा छुटै छाप हुनेछ ।

(ङ) लो.खा.म.सं को प्रतिक चिन्ह र झण्डा अनुसूचि २ र ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

५) उद्देश्यहरुः

क) नेपाल अधिराज्यभरी छरिएर रहेका खानी मजदुर रोजगारसँग सम्बन्धि भई काम गर्ने श्रमिकहरुलाई संगठित गर्ने ।

ख) ढुंगा, रोडा, बालुवा रोजगारका श्रमिकहरुको पेशागत हकहितको संरक्षण र सम्बर्द्धन गर्ने ।

ग) लोकतान्त्रिक खानी मजदुर संगठनकामा काम गर्ने श्रमिकहरुको स्वास्थ्य सुरक्षा र आर्थिक जीवनस्तर उकास्न सहकारी संचालन गरी क्रियाशिल रहने ।

घ) श्रमिक र व्यवस्थापनबीच पारस्परिक सम्बन्ध विकासमा सहयोग पुऱ्याउने ।

ङ) श्रमिकको बैधानिक मान्यताको लागि कार्यरत रहने ।

च) श्रमिकसँग सम्बन्धित कुराहरुमा श्रमिक वर्गको प्रतिनिधित्व गर्ने ।

(ङ) यस संगठन कुनै नाफामुलक नभई गैर नाफा रहित संगठन तथा लो.खा.म.स का मजदुरहरुको सेवा गर्ने ।

(ज) समान लक्ष्य र सिद्धान्तका राष्ट्रिय, अन्तर्राष्ट्रिय संगठनहरुबीच भातृत्वपूर्ण सम्बन्धको विकास गर्ने । श्रम बजारको विस्तार गरी श्रम सम्बन्धि सूचनाहरु प्रवाह गर्ने ।

(झ) रोजगार र रोजगारमूलक व्यवसायको वृद्धि गर्न र गराउन सरकारलाई दबाब दिने ।

(ञ) श्रमिकहरुको वृत्ति विकासका लागि केन्द्रीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका तालिमक गोष्ठी तथा सेमिनारको संचालन र सहभागिता गर्ने, गराउने ।

(ट) श्रमिक र उनिहरुका परिवारको हित र कल्याणका निम्ति आवश्यक र उपयुक्त कार्यक्रमहरु संचालन गर्ने ।

(ठ) सामाजिक सुरक्षा, बालश्रम उन्मुलन र लैङ्गिक समानता लगायत विविध सामाजिक क्रियाकलापहरु गर्ने ।

६. सदस्यता प्राप्ति र शुल्क:

६.१ साधारण सदस्यता:

(क) **लोकतान्त्रिक खानी मजदुर संगठनका**को विधान स्वीकार गरी आवेदन दिने सामान उद्देश्यका श्रमिकहरुबाट प्रवेश शुल्क रु. २१/- र साधारण सदस्यता शुल्क वार्षिक रु. ५१/- लिई सदस्यता प्रदान गर्न सक्नेछ ।

(ख) जिल्ला समितिले प्रति सदस्य रु. २०/- का दरले जिल्ला समितिमा राख्ने र रु. ११/- का दरले केन्द्रिय समितिमा बुझाउनु पर्नेछ ।

६.२. मानार्थ सदस्य:

श्रमिकहरुको जीवन अवस्था एवं श्रमिक कल्याण सम्बन्धि अध्ययन, अनुशासन तथा त्यस सम्बन्धि कार्यमा आर्थिक तथा भौतिक रुपमा विशेष योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई **लोकतान्त्रिक खानी** मजदुर संगठनको केन्द्रिय समितिले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

६.३ सदस्यता नविकरण:

(क) दफा ६.१ (क) बमोजिम सदस्यता प्राप्त गर्ने सदस्यहरुको सदस्यताको म्याद प्रत्येक आषाढ मसान्त सम्म हुनेछ ।

(ख) कुनै सदस्यले म्याद भित्र सदस्यता नविकरण नगराएमा केन्द्रिय समितिले सम्बन्धित सदस्यहरुलाई नविकरण म्याद समाप्त भएको मितिले ३ महिना भित्र नविकरण शुल्क बुझाउनु भनी आदेश गर्न सक्नेछ ।

(ग) उपदफा (ख) अन्तर्गत दिएको आदेश भित्र पनि सदस्यता नविकरण नगराउने सदस्यहरुलाई ३५ दिनको म्याद दिई सफाई मौका दिईनेछ, सो सफाई सन्तोषजनक नभएमा वा सफाई नदिएमा त्यस्ता सदस्यहरुलाई समितिले दिएको आवद्धताबाट निलम्बन गर्न सक्नेछ ।

(घ) उपदफा (ग) बमोजिम निलम्बनमा परेका सदस्यहरुलाई समाजवादि लोकतान्त्रिक यातायात मजदुर संगठनको कुनैपनि गतिविधिमा भाग लिने अधिकार हुने छैन ।

६.४ पदाधिकारीको आचरणः

लोकतान्त्रिक खानी मजदुर संगठनकाको प्रत्येक पदाधिकारीले देहाय बमोजिमको आचरण पालना गर्नुपर्नेछ ।

(क) लो.खा.म.सं को हित र उद्देश्य अनुरुप काम कारवाहीमा भाग लिनुपर्ने ।

(ख) लो.खा.म.सं को गोपनियता कायम गर्नुपर्ने ।

(ग) लो.खा.म.सं को निर्णयहरुको पालना गर्नुपर्ने ।

(घ) लो.खा.म.सं को संवर्द्धन, सुदृढिकरण र उद्देश्य प्राप्तिमा सक्रिय रहनुपर्ने ।

६.५ आचरण विरुद्धको कारवाहीः

लोकतान्त्रिक खानी मजदुर संगठनकाको कुनै पदाधिकारीको उपदफा ६.४ बमोजिमको आचरण पालन नगरेको पाइएमा सो सम्बन्धित समितिले बहुमतको निर्णयबाट स्पष्टिकरण, चेतावनी, नसिहत, निलम्बनको कारवाही गर्न सकिन्छ ।

परिच्छेद ४

७. लो.खा.म.सं को स्वरुप

७.१ लो.खा.म.सं को संगठनात्मक स्वरुप देहाय बमोजिम हुनेछ ।

(क) जिल्ला समिति

(ख) प्रदेश समिति

(ग) केन्द्रिय समिति

७.२ जिल्ला समितिः

जिल्ला अधिवेशनले आफू मध्येबाट निर्वाचन गरी अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सह-सचिव १, कोषाध्यक्ष १ र सदस्य ९ जना सम्म र अध्यक्षद्वारा मनोनित १ जना समेत गरी जम्मा १५ जना सम्मको जिल्ला समिति गठन गर्नेछ ।

७.३ प्रदेश समितिः

केन्द्रिय अधिवेशनमा निम्न क्षेत्रका आधारमा अधिवेशनद्वारा निर्वाचित उपाध्यक्षहरु प्रदेशसमितिको अध्यक्ष रहनेछन् ।

(क) प्रदेश नं. १

(ख) प्रदेश नं. २

(ग) प्रदेश नं. ३

(घ) प्रदेश नं. ४

(ङ) प्रदेश नं. ५
(च) प्रदेश नं. ६
(छ) प्रदेश नं. ७

७.४ केन्द्रिय समितिः

केन्द्रिय अधिवेशनले आफू मध्येबाट निर्वाचन गरी अध्यक्ष १, सह अध्यक्ष १, वरिष्ठ उपाध्यक्ष १, महिला उपाध्यक्ष १, प्रदेस उपाध्यक्ष ७, सचिव २, कोषाध्यक्ष १, सह-कोषाध्यक्ष १ र सदस्य ६ र समावेशी महिला -दलित, जनजाति, आदिवासी) ५, अध्यक्षद्वारा मनोनित २५ जना सम्मको समिति हुनेछ।

७.५ पदावधिः

लो.खा.म.सं को पदाधिकारीहरुको पदावधि निर्वाचन भएको मिति देखि ४ वर्षको हुनेछ।

८. परिषद्ः

८.१ जिल्ला परिषद्ः

जिल्ला अधिवेशनका सदस्यहरु सम्मिलित भई प्रत्येक वर्षको एक पटक बस्ने बैठक नै जिल्ला परिषद् हो।

८.२ प्रदेश परिषद्ः

निम्नानुसारको पदाधिकारी तथा प्रतिनिधिहरु सम्मिलित भई प्रत्येक वर्षको एक पटक बस्ने बैठक नै प्रदेशपरिषद् हो।

(क) प्रदेशसमितिका पदाधिकारीहरु,
(ख) जिल्ला समितिका पदाधिकारीहरु मध्येबाट ४/४ जना,
(ग) सम्बन्धित क्षेत्रका केन्द्रिय अधिवेशन प्रतिनिधिहरु।

८.३ केन्द्रिय परिषद्ः

(क) केन्द्रिय अधिवेशनको प्रत्येक २ वर्षमा बस्ने प्रतिनिधिहरुका बैठक नै केन्द्रिय परिषद् हो।
(ख) केन्द्रिय समितिका पदाधिकारीहरु केन्द्रिय परिषद्का पदेन सदस्य रहनेछन्।

९. अधिवेशनको गठनः

९.१ जिल्ला अधिवेशनः

(क) लो.खा.म.सं को जिल्ला भरिका सम्पूर्ण सदस्यहरु जिल्ला अधिवेशन प्रतिनिधि हुनेछन्।
(ख) जिल्ला समितिले जिल्ला अधिवेशनका कुल सदस्य संख्याको १ प्रतिशतका दरले ट्रेड युनियन आन्दोलनमा समाहित भएका व्यक्तिहरु मध्येबाट मनोनित गरेको सदस्यहरु।

९.२ केन्द्रिय अधिवेशनः

लो.खा.म.सं को केन्द्रिय अधिवेशनको गठन देहाय बमोजिम निर्वाचित भई आएका सदस्यहरुबाट हुनेछ।

(क) लो.खा.म.सं सँग आवद्ध केन्द्रिय संघको सदस्य संख्याको आधारमा देहाय बमोजिमको संख्यामा निर्वाचित भै आएका सदस्यहरु ।

१. २०० जना सम्ममा - १ जना ।

२. २०० देखी माथि प्रत्येक २०० सम्ममा थप १ जना ।

(ख) लो.खा.म.सं का जिल्ला अध्यक्षहरु केन्द्रिय अधिवेशनमा पदेन प्रतिनिधी हुनेछन् तर केन्द्रिय समितिका पदाधिकारीको लागि उम्मेदवारी दिन पाउने छैनन् । प्रतिनिधि बन्न चाहेमा उपदफा (क) र (ख) अवलम्बन गर्नुपर्नेछ ।

परिच्छेद -६

१०. परिषद् र अधिवेशन सम्बन्धि व्यवस्थाः

१०.१ नियमित परिषद् र अधिवेशन सम्बन्धी व्यवस्थाः

(क) लो.खा.म.सं को अधिवेशन सम्बन्धित कार्य समितिले प्रत्येक ४ वर्षमा बोलाउनु पर्नेछ ।

(ग) उपदफा (क) र (ख) बमोजिम परिषद् र अधिवेशन बोलाउँदा ठाउँ, मिति र छलफलका विषयहरु समेत उल्लेख गरी कम्तीमा ३० दिन अगावै सम्बन्धित सदस्यहरुलाई जानकारी दिनु पर्नेछ ।

(घ) सम्बन्धित परिषद् वा अधिवेशनका कम्तीमा ५० प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद् वा अधिवेशनको गणपूरक संख्या पुगेको मानिनेछ ।

(ङ) पहिलो पटक बोलाएको अधिवेशन वा परिषद्मा उपदफा (घ) बमोजिम गणपुरक संख्या नपुगेमा ३० दिनको समय दिई दोश्रो पटक परिषद् वा अधिवेशन बोलाइने छ । जसमा एक तिहाई सदस्यहरु उपस्थित भएपनि गणपुरक संख्या पुगेको मानिनेछ ।

१०.२ आकस्मिक वा विशेष अधिवेशन सम्बन्धि व्यवस्थाः

(क) लो.खा.म.सं को सम्बन्धित अधिवेशनमा वा परिषद्का कम्तीमा २५ प्रतिशत सदस्यहरुले यथार्थ कारण खुलाई लिखित रुपमा विशेष परिषद् वा अधिवेशन बोलाउन सम्बन्धित कार्य समितिलाई अनुरोध गरेमा एक महिना भित्रमा विशेष वा आकस्मिक अधिवेशन वा परिषद् बोलाउनु पर्नेछ ।

(ख) विशेष अधिवेशन वा परिषद्को कार्यविधि उपदफा ११.१ मा उल्लेख भए बमोजिम नै हुनेछ ।

११. छलफल र निर्णयः

(क) अधिवेशन वा परिषद्को अध्यक्षता सम्बन्धित कार्य समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । अध्यक्ष र उपाध्यक्षको अनुपस्थितिमा सम्बन्धित कार्यसमितिको सदस्यहरुले आफू मध्येबाट छानेको जेठो सदस्यले अध्यक्षता गर्नेछ ।

(ख) अधिवेशन वा परिषद्मा छलफल गरिने सबै विषयहरु प्रस्तावको रुपमा पेश गर्नु पर्नेछ ।

ग) छलफलको क्रममा गोप्य वा खुला मतदान हुँदा उपस्थिति भई मतदान गर्ने सदस्यहरुको बहुमत प्राप्त रायलाई अधिवेशन वा परिषद्को निर्णय मानिनेछ। मत बराबर हुन गएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्ने छ।

१२. माइन्युट राख्ने पर्ने:

अधिवेशन वा परिषद्मा भएको काम कारवाहीको विषयमा एउटा माइन्युट तयार गरी अध्यक्षता गर्ने व्यक्ति र अधिवेशनमा उपस्थित कम्तीमा दुई जना सदस्यहरुद्वारा प्रमाणित गराई सम्बन्धित कार्य समितिका महा-सचिव वा सचिवले अध्यावधिक गराई राख्नुपर्नेछ।

१३. निर्णयको जानकारी दिनुपर्ने

लो.खा.म.सं को प्रत्येक परिषद् वा अधिवेशनमा भएका निर्णयहरुको जानकारी आवद्ध केन्द्रिय संघ र लो.खा.म.सं मार्फत् साधारण सदस्यहरुलाई दिनुपर्नेछ।

१४. अधिवेशन र परिषद्मा पेश गरिने विषयहरु

१४.१ अधिवेशन र परिषद्मा पेश गरिने विषयहरु

क. वार्षिक प्रतिवेदन

ख. वार्षिक कार्यक्रम

ग. वार्षिक बजेट

घ. लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक

ङ. लेखा परिक्षणको प्रतिवेदन

च. कर्मचारीको दरबन्दी श्रृजना र निजको पारिश्रमिक, सुविधा एवं सेवाका शर्तहरु तोक्ने

छ. अन्य आवश्यक विषयहरु

१४.२ लो.खा.म.सं को विधान संशोधनको प्रस्ताव केन्द्रिय अधिवेशनमा मात्र पेश गरिनेछ।

१४.३ लो.खा.म.सं को विधान बनाइने विनियम सम्बन्धि प्रस्ताव केन्द्रिय परिषद् वा अधिवेशनमा मात्र पेश गरिनेछ।

१५. कार्य समितिको बैठक र निर्णय:

क. लो.खा.म.सं को केन्द्रिय समितिको बैठक कम्तीमा ३ महिनामा र जिल्ला समितिको बैठक कम्तीमा १ महिनामा एक पटक बस्नेछ। तर अध्यक्षले आवश्यकता महसुस गरेमा जुनसुकै समयमा पनि आकस्मिक बैठक बोलाउन सक्नेछ।

(ख) कार्य समितिको २५ प्रतिशत सदस्यहरुले लिखित रुपमा कारण खोली बैठक बोलाउन अध्यक्ष समक्ष अनुरोध गरेमा केन्द्रिय समितिको हकमा ३० दिन र जिल्ला समितिको हकमा १५ दिन भित्र अनिवार्य रुपमा बैठक बोलाउनु पर्नेछ।

(ग) अध्यक्षको अनुमति लिई बैठक बस्ने मिति, समय, स्थान र छलफलका विषयहरु तोकी केन्द्रिय समितिको हकमा समितिका ५० प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थिति भएमा बैठकको गणपुरक संख्यापुगेको मानिनेछ। तर ५० प्रतिशत भन्दा बढी सदस्यहरुको उपस्थिति भएमा बैठकको गणपुरक भएमा मानिनेछ। तर ५० प्रतिशतभन्दा कम सदस्यहरु उपस्थिति भई दोस्रो पटक बैठक बस्नुपर्दा एकतिहाई सदस्यहरु उपस्थिति भएमा पनि बैठकको गणपुरक संख्या पुगेको मानिने छ।

घ) बैठकको अध्यक्षता सम्बन्धित समितिका अध्यक्षले गर्ने छन्। निजको अनुपस्थितिमा उपाध्यक्षले र दुबै जनाको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको जेठो सदस्यले अध्यक्षता गर्नेछ।

ङ) बैठकमा बहुमतको निर्णय मान्य हुनेछ। मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

च) सम्बन्धित समितिका पदाधिकारी एवं सदस्यहरुलाई निर्णयको जानकारी महासचिव वा सचिवले अनिवार्य रुपमा गराउनु पर्नेछ।

छ) बैठक सम्बन्धि अन्य कार्यविधि कार्य समिति आफैंले निर्धारण गर्न सक्ने छ।

परिच्छेद-७

१६. अधिवेशन, परिषद् र समितिको काम, कर्तव्य र अधिकार-

१६.१ जिल्ला परिषद्, प्रदेशपरिषद र केन्द्रिय परिषद्:

क) कार्य समितिले एक वर्षमा गरेका काम कारवाहीको वार्षिक मूल्यांकन गर्ने।

ख) कार्य समितिले पेश गरेको कार्यक्रम तथा वार्षिक बजेट माथि छलफल गरी स्वीकृत गर्ने र आगामि वर्षको लागि कार्यक्रम तर्जुमा गर्ने।

ग. लेखा परिक्षकको वार्षिक प्रतिवेदन उपर छलफल र निर्णय गर्ने।

घ. नियमानुसार प्रस्तुत हुन आएका प्रस्तावहरु उपर विचार विमर्श र निर्णय गर्ने।

ङ. आन्तरिक कार्य व्यवस्थापनको लागि नीति निर्धारण गर्ने।

१६.२ जिल्ला अधिवेशन तथा केन्द्रिय अधिवेशन:

क. समितिले गरेको काम कारवाहीको मूल्यांकन गर्ने।

ख. लो.खा.म.सं को भावी कार्यक्रमको तर्जुमा गर्न।

ग. समितिको प्रतिवेदन, कार्यक्रम र लेखापरीक्षण गरिएको वार्षिक आय व्ययको हिसाब उपर छलफल र निर्णय दिने र आगामि वर्षको कार्यक्रम तथा बजेट स्वीकृत गर्ने।

घ. नियमानुसार प्रस्तुत हुन आएका प्रस्तावहरु उपर विचार विमर्श गर्ने र निर्णय गर्ने।

ङ. समिति र परिषद्द्वारा विमर्श हुनुपर्ने भनी प्रस्तुत गरेका अन्य प्रस्तावहरुमा छलफल र निर्णय गर्ने।

च. समितिको निर्वाचन गर्ने।

छ. लो.खा.म.सं सँग आवद्ध प्रक्रिया पूरा गरेका केन्द्रिय संघलाई सदस्यता प्रदान गर्ने ।

ज. लो.खा.म.सं को सर्वोच्च अंग केन्द्रिय अधिवेशन हुनेहुँदा मातहतका समितिमा उठेका कुनै पनि प्रश्नको समाधान गर्ने ।

झ. विधान संशोधन गर्ने ।

ञ. अधिवेशनमा उठेका कुनै पनि प्रश्नमा मत दिने अधिकार अधिवेशनका प्रतिनिधि सदस्यहरुलाई मात्र रहने छ ।

१६.३ जिल्ला समितिः

क. जिल्ला अधिवेशनले पारित गरेका कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने ।

ख. जिल्ला परिषद्को आयोजना गर्ने र परिषद्द्वारा पारित प्रस्तावहरु कार्यान्वयन गर्ने गराउने ।

ग. मातहतका समितिहरु बीच श्रमिक ऐक्यवद्धता कायम गराई विविध कार्यक्रमहरुको आयोजना गर्ने ।

घ. लो.खा.म.सं नीति, निर्देशनहरु अवगत गराउने ।

ङ. सदस्यको अभिलेख अध्यावधिक राख्ने ।

च. लो.खा.म.सं को विधान र नीतिको अधिनमा रही जिल्ला कोष अभिवृद्धिका लागि आर्थिक कार्यक्रमहरु सञ्चालन गर्ने ।

छ. दीर्घकालिन र अल्पकालीन शैक्षिक कार्यक्रमहरु संचालन गर्ने ।

ज. सांगठनिक सुदृढिकरणका लागि आवश्यक कार्यहरु गर्ने ।

झ. श्रमिकहरुको व्यक्तिगत वा सामुहिक सौदावाजी गर्नु पर्दा आवश्यकता हेरी ५ जनासम्म वार्ताकारहरुका व्यवस्था गर्ने ।

ञ. आवश्यकता अनुसार विविध कार्यक्रम संचालन गर्न जिल्ला अधिवेशनले तय गरेको विभागहरु खडा गरी नियुक्त भएका विभागिय निर्देशकहरुको काम कारवाही तथा पदावधि तोक्ने ।

ट. लेखा परिक्षकको नियुक्ति गर्ने ।

ठ. दरबन्दी अनुसार कर्मचारी नियुक्ति गर्ने ।

ड. विधान विपरित काम गर्ने पदाधिकारी उपर सफाइको उचित मौका प्रदान गरी अनुशासनको कारवाही गर्ने ।

ढ. समितिको बैठकका लागि आवश्यक कार्यविधिको निर्धारण गर्ने ।

ण. समितिको निर्वाचनका लागि निर्वाचन समितिको गठन गर्ने ।

१६.४ प्रदेश समिति

क. प्रदेश परिषदले पारित गरेका कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने ।

ख. प्रदेश परिषद्को आयोजना गर्न,

ग. मातहतका समितिहरु बीच श्रमिक ऐक्यवद्धता कायम गराई विविध कार्यक्रमहरुको आयोजना गर्ने ।

घ. लो.खा.म.सं नीति, निर्देशनहरु अवगत गराउने ।

ङ. सदस्यको अभिलेख अध्यावधिक राख्ने ।

च. लो.खा.म.सं को विधान र नीतिको अधिनमा रही प्रदेशकोष अभिवृद्धिका लागि आर्थिक कार्यक्रमहरु संचालन गर्ने ।

छ. दीर्घकालिन र अल्पकालीन शैक्षिक कार्यक्रमहरु संचालन गर्ने ।

ज. सांगठनिक सुदृढिकरणका लागि आवश्यक कार्यहरु गर्ने ।

झ. श्रमिकहरुको व्यक्तिगत वा सामुहिक सौदावाजी गर्नु पर्दा आवश्यकता हेरी ५ जना सम्म वार्ताकारहरुको व्यवस्थ ागर्ने ।

ञ. आवश्यकता अनुसार विविध कार्यक्रम संचालन गर्न प्रदेश परिषदले तय गरेको विभागहरु खडा गरी नियुक्त भएका विभागीय निर्देशकहरुको काम कारवाही तथा पदावधि तोक्ने ।

ट. लेखा परिक्षकको नियुक्ति गर्ने ।

ठ. दरबन्दी अनुसार कर्मचारी नियुक्ति गर्ने ।

ड. विधान विपरित काम गर्ने पदाधिकारी उपर सफाईको उचित मौका प्रदान गरी अनुशासनको कारवाही गर्ने ।

ढ. समितिको बैठकका लागि आवश्यक कार्यविधिको निर्धारण गर्ने ।

१६.५ केन्द्रिय समितिः

क. केन्द्रिय अधिवेशनले तय गरेका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने ।

ख. केन्द्रिय परिषद्ले बैठकको आयोजन ागर्ने ।

ग. केन्द्रिय परिषद्ले पारित गरेका प्रस्तावहरु कार्यान्वयन गर्ने गराउने ।

घ. लेखा परिक्षक नियुक्त गर्ने ।

ङ. सदस्यहरुको अभिलेख अध्यावधिक राख्ने ।

च. कोष अभिवृद्धिका लागि आर्थिक कार्यक्रम तय गरी कार्यान्वयन गर्ने गराउने ।

छ. लो.खा.म.सं को विधान विपरित कार्य गर्ने सदस्य उपर जिल्ला समितिले गरेका अनुशासनको कार्यवाहीमा चित्त नबुझी कार्यवाहिमा परेका सदस्यले केन्द्रिय समितिमा उजुरी गरेमा सो उपर अन्तिम निर्णय दिने ।

ज. आवश्यकता अनुसार केन्द्रिय समितिको काम कारवाहीलाई सुचारु रुपले संचालन गर्न कर्मचारीहरुको नियुक्ति गर्ने ।

झ. संस्थागत बैठक तथा कार्य सम्पादनका लागि कार्यविधिको निर्धारण गर्ने ।

ञ. सांगठनिक तथा अन्य रचनात्मक कार्यहरु संचालन गर्न आवश्यकता अनुसार उपसमितिको गठनगर्ने र त्यसरी गठित उपसमितिको कार्यविधि तोक्ने ।

ट. व्यक्तिगत वा सामूहिक सौदाबाजी गर्नु परेका अवस्थामा इकाई, र स.लो.या.म.स.को तर्फबाट वार्ताकारको भूमिका निर्वाह गर्ने ।

ठ. आगामि आर्थिक वर्षको बजेट विवरण केन्द्रिय परिषद्मा गर्ने ।

ड. लेखा परिक्षकको प्रतिवेदन परिषद्मा पेश गर्ने ।

ढ. आवश्यकता अनुसार विभागहरु तथा कर्मचारीहरुको दरबन्दीको विवरण परिषद्को बैठकमा पेश गर्ने ।

ण. परिषद्को बैठकबाट स्वीकृत विभागहरु सञ्चालन गर्ने ।

त. पदाधिकारीको राजिनामा स्वीकृत गर्ने ।

थ. केन्द्रिय वा अर्न्तकेन्द्रिय सभा, सेमिनार र तालिममा प्रतिनिधि पठाउने ।

द. दरबन्दी अनुसार कर्मचारी नियुक्ति गर्ने ।

न. आवद्ध संघहरु, प्रतिष्ठान, इकाईमा कुनै आन्तरिक विवाद उत्पन्न भएमा अन्तिम निर्णय दिने ।

प. आवद्ध संघहरुको कार्यसमिति निष्कृय भएमा वा संघ तथा लो.खा.म.सं उद्देश्य विपरित काम गरेमा सम्बन्धि संघ, प्रतिष्ठान, इकाईको कार्यसमिति विघटन गरी अधिवेशन बोलाई नयाँ कार्यसमितिको निर्वाचन गराउने वा कुनै पदाधिकारी त्यस्ता कृयाकलाप गरेमा त्यस्ता पदाधिकारीलाई हटाई नयाँ पदपूर्ति गर्ने ।

परिच्छेद-८

१७. पदाधिकारीको काम, कर्तव्य र अधिकार:

१७.१ अध्यक्ष:

क. लो.खा.म.सं को सम्पूर्ण कार्यको रेखदेख, संरक्षण र नियन्त्रण गर्ने ।

ख. सम्बन्धित सम्मेलन, परिषद, अधिवेशन र समितिको बैठकको अध्यक्षता गर्ने ।

ग. मत बराबर भएमा निर्णयक मत दिने ।

घ. लो.खा.म.सं को हितका लागि नेतृत्व प्रदान गर्ने ।

ङ. सम्बन्धित समितिले गरेको निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।

च. आगामि बैठक बस्नु भन्दा अगावै कार्य समितिले गर्ने भनेको काम गर्नु आवश्यक भएमा पछि बैठकमा निर्णय गराउने गरी काम गर्ने गराउने ।

छ. लो.खा.म.सं को उद्देश्य प्राप्तिका लागि अन्य कार्यहरु गर्ने गराउने ।

ज. सम्बन्धित समितिका सदस्यको राजिनामा स्वीकृत गर्ने ।

झ. नेपाल सरकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय ट्रेड युनियन, अदालत, अन्य व्यक्ति वा संस्थाहरुको सम्बन्धमा संस्थाको प्रतिनिधित्व गर्ने, गराउने ।

ञ. उपयुक्त निति र नियम तर्जुमा गराई परियोजनाहरु कार्यान्वयन गराउने निर्देशन दिने ।

ट. कार्यसमितिका सदस्यहरुको मनोनित गर्ने ।

ठ. आवश्यक देखेमा मिति, स्थान, समय तोकी केन्द्रिय समितिको हकमा महासचिव र जिल्ला समितिको हकमा सचिव मार्फत आकस्मिक बैठक बोलाउने ।

ड. समितिको बैठकबाट अनुमोदन गराउने गरी भैपरि आउने कार्यको लागि केन्द्रिय समितिका अध्यक्षले बढीमा र. २०,०००।- र जिल्ला समितिका अध्यक्षले बढीमा र. ५,०००।- सम्म रकम खर्च गर्ने ।

१७.२ वरिष्ठ उपाध्यक्षः

क. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै कार्यहरु गर्ने ।

ख. अध्यक्षको काममा आवश्यक सहयोग पुऱ्याउने ।

ग. यस विधानमा उल्लेखित उद्देश्य प्राप्तिका निम्ति आवश्यक काम गर्ने ।

घ. समितिले तोकेको अन्य काम गर्ने ।

१७.३ प्रथम उपाध्यक्ष तथा महिला उपाध्यक्ष

क. वरिष्ठ उपाध्यक्षको अनुपस्थितिमा प्रथम उपाध्यक्षले, प्रथम उपाध्यक्षको अनुपस्थितिमा महिला उपाध्यक्षले सबै कार्यहरु गर्ने ।

ख. वरिष्ठ/प्रथम उपाध्यक्षको काममा आवश्यक सहयोग पुऱ्याउने ।

ग. यस विधानमा उल्लेखित उद्देश्य प्राप्तिका निम्ति आवश्यक काम गर्ने ।

घ. महिला उपाध्यक्षले महिला सम्बन्धि सम्पूर्ण कामहरु गर्ने ।

ङ. समितिले तोकेको अन्य काम गर्ने ।

१७.४ प्रदेश उपाध्यक्ष

क. लो.खा.म.सं उद्देश्य प्राप्तिको निम्ति आवश्यक कार्यहरु गर्ने ।

ख. लो.खा.म.सं केन्द्रिय समितिले प्रत्यायोजन गरेका अधिकार भित्ररही विभिन्न कामगर्ने ।

ग. लो.खा.म.सं का सदस्यहरु बिच समन्वय गरि केन्द्रिय समितिको निति निर्णय कार्यान्वयन गर्न र सांगठनिक सुदृढिकरणको कार्यमा प्रयत्नशिल रहने ।

घ. प्रदेश समितिको नेतृत्वगर्ने ।

१७.५ केन्द्रिय/प्रदेश समितिका महासचिव र जिल्ला समितिका सचिवको काम, कर्तव्य र अधिकार

क. लो.खा.म.सं दैनिक कार्य सुचारुरुपले संचालन गर्न मातहतका समितिलाई निर्देशन दिने ।

ख. अध्यक्षको परामर्श लिई बैठक बोलाउने तथा बैठकको लागि प्रस्ताव तयार गर्ने ।

ग. अध्यक्षको परामर्श लिई लो.खा.म.सं को वार्षिक योजना तर्जुमा गर्ने गराउने तथा पारित कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने ।

घ. महा-सचिवले जिल्ला समितिमा भएका काम कारवाहीको सुपरिवेक्षण र मूल्यांकन गर्ने ।

ङ. लो.खा.म.सं को चल, अचल सम्पत्तिको विवरण अध्यावधिक राख्ने ।

च. लो.खा.म.सं को कामको लागि पछि बैठकबाट अनुमोदन गराउने गरी केन्द्रिय समितिका महासचिवले बढीमा १०,०००।- र जिल्ला समितिका सचिवले बढीमा र. २,०००।- सम्म खर्च गर्न सक्ने ।

छ. विभिन्न समितिहरुमा पत्र व्यवहार गर्ने ।

ज. सदस्यहरुको अभिलेख अध्यावधिक राख्न व्यवस्था मिलाउने ।

झ. सांगठनिक सुदृढिकरणका लागि आवश्यक कार्यहरु गर्ने, गराउने ।

१७.६ केन्द्रिय समितिका सचिव र जिल्ला समितिका सह-सचिवको काम, कर्तव्य अधिकार:

क. केन्द्रिय समितिको हकमा महासचिवले जिल्ला समितिको हकमा सचिवले गर्ने भनिएको कार्यमा निजलाई सहयोग गर्ने, निजको निर्देशनमा लो.खा.म.सं को दैनिक प्रशासनिक कार्यको रेखदेख र नियन्त्रण गर्ने तथा महासचिव सचिवको अनुपस्थितिमा निजले गरी आएको कार्यहरु गर्ने ।

ख. यस विधानमा उल्लेखित उद्देश्य प्राप्तिका निम्ति आवश्यक कार्य गर्ने ।

१७.७ केन्द्रिय/प्रदेश समिति र जिल्ला समितिका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार:

क. लो.खा.म.सं को आर्थिक कारोबार तथा भौतिक सम्पत्तिको रेखदेख नियन्त्रण र बन्दोबस्त गर्ने ।

ख. लो.खा.म.सं को वार्षिक बजेट र त्यसको बाँडफाँड सम्बन्धि विवरण समितिको स्वीकृतिमा तयार गर्ने र अधिवेशन तथा परिषद्मा पेश गरी स्वीकृत गराउने ।


ग. लो.खा.म.सं को रकम, दैदस्तुर आदि असुल उपर गर्ने, गराउने ।

घ. लो.खा.म.सं. को आर्थिक सुदृढिकरणका लागि विभिन्न योजना र्तजुमा गर्ने ।

ङ. मातहतको समितिको आर्थिक स्थितिको निरीक्षण गर्ने, गराउने ।

च. आर्थिक कारोवारहरुको लेखा परीक्षण गराउने ।

छ. समितिले तोकेको अन्य आवश्यक कार्यहरु गर्ने ।



१७.८ सदस्यहरुको काम, कर्तव्य र अधिकार:

क. समितिको बैठकमा नियमित रुपमा भाग लिने ।

ख. समितिको निर्णय कार्यान्वयन गर्न सक्रिय रहने ।

ग. समितिको विविध कार्यमा सहयोग पुऱ्याउने ।

परिच्छेद -९

१८ पदको रिक्तता र पूर्ति सम्बन्धि व्यवस्था

१८.१ पद रिक्त हुने:

यस विधानमा अन्यत्र जे सुकै लेखिएको भएतापनि देहायको अवस्थामा जिल्ला समिति जिल्ला परिषद्, केन्द्रिय समिति केन्द्रिय परिषद् र अधिवेशनका पद एवं प्रतिनिधित्व समाप्त तथा रिक्त हुनेछ।

क. संघमा सदस्यता तथा प्रतिनिधित्व कायम नरहेमा।

ख. विधान बमोजिम पदबाट दिएको राजिनामा स्वीकृत भएमा।

ग. लापरवाही साथ लो.खा.म.सं को अहित हुने वा यस विधानको उद्देश्य विपरित कम गरेको अर्थात यस विधानको उपदफा ६.४ अनुसारको आचरण पालना नगरेमा।

घ. मजग बिग्रिएको प्रमाणित भएमा।

ङ. मृत्यु भएमा

च. समितिको बैठक बस्ने सुचना पाएर पनि लगातार तीनपटकसम्म बिना सूचना समितिको बैठकमा अनुपस्थिति भएको कारणले समितिले निजलाई हटाउने निर्णय गरेमा। तर यसरी सदस्यता समाप्त गर्नुपूर्व सम्बन्धित व्यक्तिलाई आफ्नो सफाइको सबुद पेश गर्ने मौका दिनुपर्नेछ।

छ. एकवर्ष वा सो भन्दा बढी अवधिको लागि विदेश गएमा।

ज. दफा ३७ बमोजिम महाअभियोग वा अविश्वासको प्रस्तावले हटाईएमा।

झ. लो.खा.म.सं को कुनै समितिको पदाधिकारी एकै समयमा सो भन्दा माथिल्लो समितिको पदाधिकारीमा निर्वाचित हुन गएमा स्वत: तल्लो समितिको पद रिक्त हुनेछ।

१८.२ रिक्त पदको पूर्ति:

समितिको ५० प्रतिशत भन्दा बढी पद रिक्त हुन आएमा बाँकि पदाधिकारीले अधिवेशन बोलाई समितिको सम्पूर्ण पदाधिकारीहरुको बाँकि अवधिका लागि निर्वाचन गराउने छन्। तर एक वर्षभन्दा कम अवधि बाँकि रहेको अवस्थामा भने बाँकि रहेका पदाधिकारीहरुले नै कार्य संचालन गर्नेछन्।

१९. निर्वाचन

क. लो.खा.म.सं को सबैतहको निर्वाचन गोप्य मतदान द्वारा हुनेछ।

ख. लो.खा.म.सं को कार्य समितिको निर्वाचन प्रकृया तोकिए बमोजिम हुनेछ।

ग. कुनैपनि समितिको निर्वाचन विनियम बमोजिम गठित निर्वाचन आयोगले गराउने छ।

परिच्छेद १०

२०. आर्थिक व्यवस्था

२०.१ लो.खा.म.सं ले आफ्नो एउटा छुट्टै कोष रहनेछ। जसमा देहाय बमोजिमको रकमहरु रहनेछन्।

क. सदस्यता शुल्क बापत उठेको रकम ।

ख. राष्ट्रिय, अन्तर्राष्ट्रिय, सरकारी तथा गैह्र सरकारी संघबाट प्राप्त अनुदान वा सहयोग रकम ।

ग. लो.खा.म.सं को लागि उठाइएको चन्दा रकम वा यसले आर्जेको अन्य रकम

घ. विभिन्न कार्यक्रमहरु संचालन गर्दा प्राप्त हुने रकम ।

२०.२ लो.खा.म.सं को सम्पूर्ण खर्च उपदफा २०.१ बमोजिमको कोषबाट बेहोरिनेछ ।

२०.३ लो.खा.म.सं को नाममबाट बैङ्कमा एउटा खाता खोलिनेछ र यसको नाममा प्राप्त हुन आएको रकम सोही खातामा जम्मा गरिनेछ ।

२०.४ (क) उपदफा २०.३ बमोजिमको खाता संचालन केन्द्रिय समितिको हकमा अध्यक्ष वा महा सचिव र कोषाध्यक्ष, जिल्ला समितिको हकमा अध्यक्ष वा सचिव र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट गरिने छ ।

ख. केन्द्रिय समिति तथा जिल्ला समितिको अध्यक्षको अनुपस्थितिमा मात्र महा-सचिव र सचिवले बैकिङ्ग कारोबार गर्नेछ ।

२१. लेखा र लेखा परिक्षण

२१.१ लो.खा.म.सं को आर्थिक कारोवारको लेखा दोहोरो लेखा प्रणाली बमोजिम राखिने छ ।

२१.२ प्रत्येक वर्ष नेपाल सरकारद्वारा स्वीकृत प्राप्त लेखा परिक्षकद्वारा लो.खा.म.सं. को आर्थिक कारोवारको लेखा परीक्षण गराई त्यसको प्रतिवेदन सम्बन्धित अधिवेशन वा परिषदमा पेश गरिनेछ ।

२१.३ लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक सम्बन्धित अधिवेशन वा परिषद्ले तोके बमोजिम हुनेछ ।

२१.४ प्रत्येक समितिले आर्थिक कारोवारको सम्पूर्ण श्रेष्ता अध्यावधिक राख्नुपर्नेछ । यसरी राखिएको आर्थिक आय-व्ययको विवरण जिल्ला समितिले केन्द्रिय समितिमा प्रत्येक वर्ष अनिवार्य रुपमा पठाउने पर्नेछ ।

२१.५ लो.खा.म.सं को अर्थ सम्बन्धि अन्य व्यवस्था आर्थिक विनियममा तोकिए बमोजिम हुनेछ ।

२२ रकमको बाँडफाँड

२२.१ लो.खा.म.सं. को कुनै खास उद्देश्यका लागि उठाएको रकम बाँडफाँड सो रकम उठाउने निर्णय गर्ने समितिले निश्चित गरे बमोजिम हुनेछ ।

२२.२ सदस्यता शुल्क बापत उठेको रकम मध्ये ६० प्रतिशत रकम जिल्ला समितिले केन्द्रिय समितिमा पठाउनुपर्नेछ ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
श्रम कारखाना विभाग

परिच्छेद-११

२३. निष्पक्ष सुनुवाई

क. लो.खा.म.सं का विभिन्न समितिका पदाधिकारी एवं आवद्ध संघहरुको विरुद्ध उजुरीको सुनुवाई सम्वन्धि समिति एवं आवद्ध संघमा हुनेछ ।

ख. यसरी कुनै पनि पदाधिकारी एवं आवद्धसंघ विरुद्धको उजुरीमा सुनुवाई हुँदा निजलाई आफ्नो सफाई पेश गर्न मनासिब मौका दिनुपर्नेछ ।

ग. उपदफा २४.१ (क) मा उल्लेख भए बमोजिमका उजुरीको सुनुवाई हुँदा लो.खा.म.सं को कुनै समितिद्वारा गरिएको निर्णय उपर चित्त नबुझेमा सम्बन्धित परिषद् वा अधिवेशन मा पुनरावेदन गर्न सकिनेछ ।

घ. निष्पक्ष सुनुवाई सम्वन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद १२
विविध

२४. विधानको संशोधन-

यस विधानमा लेखिएको कुनै कुरा संशोधन गर्न केन्द्रिय अधिवेशनमा उपस्थित सदस्य मध्ये दुई तिहाईको बहुमतले संशोधन प्रस्ताव पारित गरेको हुनुपर्दछ । तर प्रस्तावको मूल भावना विपरित संशोधन गरिने छैन ।

क. यस विधानमा भएका व्यवस्थाहरु प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

ख. संशोधन गरिएको विधान विभागवाट प्रमाणित भएपछि मात्र लागु हुनेछ ।

२५. विधानको व्याख्या:

यो बिधान भएको अस्पष्टतामा केन्द्रिय समितिले गरेको निर्णय केन्द्रिय परिषद्द्वारा अमान्य घोषित तथा संशोधन नभएसम्म अन्तिम तथा मान्य हुनेछ ।

क. यस विधानको अन्तिम व्याख्या गर्ने अधिकार श्रम तथा व्यवसायजन्य सुरक्षा भागलाई हुनेछ ।

२६. राजिनामा:

लो.खा.म.सं को कुनै अधिवेशन वा समितिका सदस्यले सम्बन्धित अध्यक्ष समक्ष र समितिका अध्यक्षले समितिका अपाध्यक्ष मार्फत् समितिमा राजिनामा दिन सक्नेछन् ।

२७. सल्लाहकार समिति:

लो.खा.म.सं को उद्देश्य पूर्तिमा केन्द्रिय समिति/प्रदेश समिति/जिल्ला समितिलाई सल्लाह प्रदान गर्न सम्बन्धित समितिले बढीमा ५ जना सम्म सदस्य रहेको एक सल्लाहकार समितिको गठन गर्न सक्ने छ ।

२८. नेपाल सरकार संगको सम्पर्क-

लो.खा.म.सं ले नेपाल सरकारसँग सम्बन्धि मन्त्रालय तथा विभाग मार्फत सम्पर्क राख्ने छ ।

२९. नियम बनाउने अधिकार

यस विधानको उद्देश्य पुरा गर्नको लागि केन्द्रिय परिषद् वा अधिवेशनले आवश्यक विनियम बनाउन सक्नेछ ।

३०. लो.खा.म.सं को आधिकारीकता

श्रमिकहरुको हकहितका लागि गठन भएको वा हुने कुनै प्रकारका आयोग, कमिशन तथा श्रमिकसंग सम्बन्धित ऐन नियमको तर्जुमा र संशोधन गर्ने कार्यदल वा त्यस्तै अन्य निकायमा प्रतिनिधित्व गर्न लो.खा.म.सं आधिकारीक मानिने छ ।

३१. कर्मचारी सम्बन्धित व्यवस्था

३१.१ लो.खा.म.सं को काम कारबाही सूचारु रुपले संचालन गर्नको लागि आवश्यकता अनुसार सम्बन्धित परिषद् वा अधिवेशनले निर्णय गरे अनुसार सम्बन्धित कार्य समितिले कर्मचारीहरुलाई नियुक्ति गर्न सक्नेछ ।

३१.२ उपदफा ३१.२ बमोजिम नियुक्ति हुने कर्मचारीको पारिश्रमिक सुविधा एवं सेवाको अन्य शर्तहरु सम्बन्धित परिषद् वा अधिवेशनले ताकेबमोजिम हुनेछ ।

३२. दायित्व र सम्पत्ति सर्ने

यस संगठन विघटन गर्नुपरेमा समाजवादी स्वतन्त्र टेड युनियन महासंघ नेपाल (SITUC) मा आवद्धता र संरक्षण भएकोले दायित्व र चल अचल सम्पुर्ण सम्पत्ती आवद्धता महासंघमा रहने र महासंघ नै विघटन भएमा नेपाल सरकारमा नियित हुनेछ ।

३३. पदाधिकारीहरुको पारिश्रमिक सम्बन्धि व्यवस्था

लो.खा.म.सं समितिहरुका पदाधिकारीको पारिश्रमिक तोकिए बमोजिम हुनेछ ।

३४. पदाधिकारीहरुको लागि योग्यता

३४.१ (क) लो.खा.म.सं सँग आवद्ध संघको सदस्यता कायम रहेको हुनुपर्नेछ ।

ख. नेपाली नागरिक हुनुपर्ने ।

ग. सम्बन्धित आवद्ध संघको सदस्यता लिएको एक वर्ष पुरा भएको हुनुपर्ने तर यस विधान बमोजिम हुने पहिलो समितिको निर्वाचनमा यो बन्देज लागु हुने छैन ।

३४.२ (क) लो.खा.म.सं सँग आवद्ध संघको सदस्यता कायम रहेको हुनुपर्ने ।

(ख) नेपाली नागरिक हुनुपर्ने ।

(ग) सम्बन्धित आवद्ध संघको सदस्यता लिएको एक वर्ष पुरा भएको हुनुपर्ने तर यस विधान बमोजिम हुने पहिलो समितिको निर्वाचनमा यो बन्देज लागु हुने छैन ।

३४.२ (क) लो.खा.म.सं सँग आवद्ध संघको सदस्यता लिएको एक वर्ष पुरा भएको हुनुपर्ने तर यस विधान बमोजिम हुने पहिलो समितिको निर्वाचनमा यो बन्देज लागु हुने छैन ।

३४.२ (क) लो.खा.म.सं. सँग आवद्ध संघको सदस्यता कामय रहेको हुनुपर्ने ।

ख. नेपाली नागरिक हुनुपर्ने

ग. सम्बन्धित आवद्ध संघको सदस्यता लिएको एक वर्ष पुरा भएको हुनुपर्ने तर यस विधान बमोजिम हुने पहिलो समितिको निर्वाचनमा यो बन्देज लागु हुने छैन ।

३४.३ यस विधानमा अन्यत्र जे सुकै कुरा लेखिएको भएता पनि दफा १० -ख) को हकमा विधानको दफा १९.१ (क) र ३५ (क), (ग) लागु हुने छैन ।

३५. सक्रमणकालिन व्यवस्था

क. यस विधान बमोजिम लो.खा.म.सं को हुने पहिलो अधिवेशनको पहिलो बैठकमा प्रतिनिधित्व गर्न कुनै केन्द्रिय संघका सदस्यहरुले कम्तीमा ३ महिनाको आ-आफ्नो सदस्यता शुल्क बुझाएको हुनुपर्ने छ ।

ख. यो बिधान लागू हुनुभन्दा अगाडि गठित लो.खा.म.सं को केन्द्रिय समिति र जिल्ला तदर्थ समितिले गरेको काम कारवाही यसै विधान बमोजिम गरे सरह मान्य हुनेछ ।

३६. शपथ

लो.खा.म.सं को विभिन्न समितिका अध्यक्षले सम्बन्धित निर्वाचन समितिका अध्यक्ष समक्ष र अन्य पदाधिकारी एवं सदस्यले आ-आफ्नो समितिको अध्यक्ष समक्ष र केन्द्रिय अधिवेशनका सदस्यहरुले केन्द्रिय समितिका अध्यक्ष समक्ष अनुसूचि १ मा व्यवस्था भए बमोजिम सपथ लिनुपर्नेछ ।

३७. महाअभियोग तथा अविश्वासको प्रस्ताव सम्बन्धि व्यवस्था

३७. १ महाअभियोगको प्रस्ताव

कुनै पनि समितिका पदाधिकारीले लो.खा.म.सं को उद्देश्य विपरित काम गरेको प्रमाणित हुन आएमा त्यस्ता पदाधिकारीहरुलाई सम्बन्धित अधिवेशनको दुई तिहाई बहुमतले महाअभियोगको प्रस्तावद्वारा निष्काशन गर्न सक्ने छ ।

३७.२ अविश्वासको प्रस्ताव

कुनैपनि समितिका पदाधिकारीले लो.खा.म.सं को उद्देश्य तथा हित विपरित काम गरेको प्रमाणित भएमा वा सक्षम नेतृत्व प्रदान गर्न असमर्थ भएमा आकस्मिक वा विशेष अधिवेशनको बहुमतले अविश्वास प्रस्ताव पारित गरी पदबाट हटाउन सकिनेछ ।

अनुसूचि १

छाप -दफा ४ (घ) सँग सम्बन्धित

लो.खा.म.सं को छाप आठ दात भएको औधोगिक चक्र भित्र एक गाडी भित्र चालक सहितको चक्र भित्र लोकतान्त्रिक खानी मजदुर संगठनका भित्र तल जिल्ला तथा केन्द्रिय समिति उल्लेखित भएको र २०७६ अंकित छाप हुनेछ ।

अनुसूचि २

प्रतिक चिन्ह (दफा ४ ङ सँग सम्बन्धित

लो.खा.म.सं को छाप आठ दात भएको औधोगिक चक्र भित्र बेल्चा सहितको चक्रभित्र लोकतान्त्रिक खानी मजदुर संगठनका भित्र तल जिल्ला, प्रदेश तथा केन्द्रिय समिति उल्लेखित भएको र २०७५ अंकित चिन्ह नै प्रतिक हुनेछ ।

अनुसूचि ३


झण्डा -दफा ४ (ङ) सँग सम्बन्धित

लो.खा.म.सं को झण्डा चार कुने रातो रंगको हुने छ जसमा आठ दात भएको औधोगिक चत्र भित्र बेल्चा लो.खा.म.सं अकित चित्र हुनेछ ।

अनुसूचि ४


झण्डा -दफा ३४ (ङ) सँग सम्बन्धित

म..... (नाम) लो.खा.म.सं संघको जिल्ला अधिवेशन/केन्द्रिय अधिवेशन र जिल्लासमिति/केन्द्रिय समितिको (पद) ..... ईश्वरको नाममा सत्य निष्ठापूर्वक यो शपथ लिन्छु कि, मैले जाने बुझेसम्म कसैको मोलाहिजा, दबाब र करकापमा नपरी लो.खा.म.सं को गोपनियताको प्रकाश नगरी सधैभरी निस्वार्थ पूर्वक यो संस्थाको उद्देश्य पूर्ति र निरन्तर सुदृढताको लागि सामर्थ्यले भ्याए सम्म हस्ताक्षरले सेवारत रहनेछु ।



लोगो र झण्डा:-


लोकतान्त्रिक खानी मजदुर संगठन
केन्द्रीय कार्य समिति


लोकतान्त्रिक खानी मजदुर संगठन
केन्द्रीय कार्य समिति

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग



स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र

दर्ता मिति

स्थायी लेखा नम्बर	:	६	२	५	२	३	९	३	४	२
आन्तरिक राजस्व कार्यालय	:	आन्तरिक राजस्व कार्यालय बत्तीसपुतली								

आयकर: २७ (दिन) ०६ (महिना) २०८३ (साल)

आयकर मात्र

कारोबारको नाम	:	लोकतान्त्रिक खानी मजदुर संगठन
करदाताको प्रकार	:	मुनाफा वितरण नगर्ने कम्पनी
ठेगाना	:	वार्ड नं. ८, जयबागेश्वरी महानगरपालिका: काठमाडौं, काठमाडौं
व्यवसायका कारोबारहरु	:	सामाजिक सुरक्षाबाहेकका स्वास्थ्य हेरचाह, शिक्षा, सांस्कृतिक सेवा तथा अन्य सामाजिक सेवाहरू प्रदान गर्ने क्रियाकलापहरूको सञ्चालन,

करदाताको दस्तखत

आधिकारिक दस्तखत

कर अधिकृत

करदाताले पालना गर्नुपर्ने कर्तव्यहरू:

- कारोवार गर्दा अनिवार्य रूपमा बिल बिजक जारी गर्नुपर्छ।
- मू.अ. करमा दर्ता हुनेले प्रत्येक कर अवधि (मासिक वा त्रैमासिक वा चौमासिक) समाप्त भएको २५ दिन भित्र मू.अ. कर विवरण तथा मू.अ. कर रकम बुझाउनु पर्छ।
- अन्त:शुल्क लाग्ने कारोवार गर्नेले अन्यथा व्यवस्था गरेकोमा बाहेक प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र मास्केवारी र अन्त:शुल्क रकम बुझाउनु पर्छ।
- प्रत्येक आर्थिक वर्षको आय विवरण आर्थिक वर्ष समाप्त भएको तिन महिना भित्र बुझाउनु पर्छ।
- तोकिएको समयमा विवरण र कर रकम नबुझाएमा ब्याज, शुल्क र जरिवाना लाग्नेछ।
- यो प्रमाण पत्र देखिने गरी कारोवार स्थल/मुख्य कार्यालयमा राख्नु पर्नेछ।
- कुनै द्विविधा भएमा कार्यालयमा सम्पर्क राख्नु होला।

०८-३०-००८२

काठमाडौं महानगरपालिका
मन्डिग्रामपालिका
नगर कार्यपालिकाको कार्यालय
काठमाडौं, ३ नं. प्रदेश, नेपाल

वडा कार्यालय

संस्थाको छाप वा फोटो

गैर नाफामुलक संस्था दर्ता प्रमाणपत्र

दर्ता मिति २०८३।६।२३

प्रमाण पत्र नं. ०००००१२८६

(१) संस्थाको नाम : लोकतान्त्रिक स्वानी मजदुर संगठन

ठेगाना : का म पा - ८ जयवागेश्वरी

स्वदेशी/विदेशी : स्वदेसी

विषयगत क्षेत्र : स्वानी मजदुरको हक हित सम्बन्धी

संस्थाको कारोवार शुरु भएको मिति :

ई-मेल : ..... सम्पर्क फोन नं. : .....

(२) संचालक/अध्यक्ष/मुख्य व्यक्तिको नाम, थर : अनिल भेष्ठ

ठेगाना : ओलुउ- गा.वि.स. -६ दोलखा

ई-मेल : ..... सम्पर्क फोन नं. : ९८४७४९८२२

(३) बहालमा बसेको भए घरधनीको नाम, थर : जितेन्द्र बैद्य

ठेगाना : का म पा - ८ जयवागेश्वरी

ई-मेल : ..... सम्पर्क फोन नं. : ९८४१३

पेश गर्ने

प्रमाणित गर्ने

अन्य निकायबाट स्वीकृत वा इजाजत लिनु पर्ने भए लिनु पर्ने छ। साथै यो प्रमाण पत्र सालवसाली नविकरण गर्नु पर्नेछ।

नवीकरण

प्रमाण-पत्र नं. १२६

संस्थाको नाम : लोक तान्त्रिक स्वानी सञ्जाल समूह

आ.व.	मिति	र.नं. / भौ.नं.	रकम	दस्तखत	कैफियत
२०८३/०८४	२०८३/६/२३	३५६४१	६८०/-		२०८४ असार मसान्त सम्म

नेपाल सरकार
महिला तथा समाजकल्याण मन्त्रालय
जिल्ला समाज कल्याण कार्यालय
काठमाडौं
२०७३

अनुसूची–४

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग

ट्रेड यूनियन संघ दर्ताको प्रमाण–पत्र

दर्ता प्रमाण–पत्र नं. ४४३

लोकतान्त्रिक स्वतन्त्र मजदुर संगठन **ट्रेड यूनियन संघलाई ट्रेड यूनियन ऐन २०४९**

(पहिलो संसोधन २०५५) को दफा ४ को उपदफा ४ बमोजिम दर्ता गरी ट्रेड यूनियन नियमावली, २०५० को नियम ६ बमोजिम

यो दर्ताको प्रमाण–पत्र दिइएको छ ।

२०६९।९।१५

पञ्जिकाधिकारीको दस्तखत

पञ्जिकाधिकारी

नोट : ट्रेड यूनियन ऐन, २०४९ (पहिलो संसोधन २०५५) को दफा ४ को उपदफा १(क)(ख) बमोजिम ।

लोकतान्त्रीक खानी मजदुर संगठन

जारी मिति	म्याद समाप्त हुने मिति	नविकरण मिति	नविकरण गर्ने अधिकृतको दस्तखत	कैफियत
2066/0८/9५	2०८०/0८/9८			
2०८0/९/9९	2०८८/0८/93		निर्देशक (प्रा.)	नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग मीनभवन, काठमाडौं